# दोधारा चाँदनीमा बाघको डमरु मृत फेला

कञ्चनपुर । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र दोधारा चाँदनीमा बाघको डमरु मृत फेला परेको छ । दोधारा चाँदनी नगरपालिका-१ स्थित गौरीशंकर सामुदायिक वन नजिकै जोगबुढा नदीमा बाघको बच्चा मृत भेटिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेले जानकारी दिए । 'करिब एक-डेढ महिनाको बाघको बच्चाको मृत्यु भएको छ । नजिकै रहेको भारतीय वन क्षेत्रबाट आएको हुनसक्ने अनुमान गरेका छौं,' उनले भने, 'डमरुको शव परीक्षण भइसकेको छ, अब के गर्ने भन्नेबारे विभागले निर्णय गर्छ ।' नदी किनारमा बाघको डमरु अशक्त अवस्थामा देखेपछि स्थानीयले निकुञ्ज कार्यालयलाई खबर गरेका थिए । (सौस)


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक डिभिजन बुटवल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८२/०९/१८

यस डिभिजन कार्यालयबाट मिति २०८२/०६/०२ मा www.bolpatra.gov.np/egp मा तथा दैनिक पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं RDBTL/02/082/83 बाट बोलपत्र आह्वान गरिएकोमा अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिम न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु स्वीकृतिको लागि सिफारिस भई आएकोले छनोट भएका उल्लेखित बोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

| S. N. | Contract Identification Number | Name and Address of Bidders | Bid Amount including VAT & P.S. (NRs.) |
|---|---|---|---|
| 1. | RDBTL/33701169/082/83-4 | M/S Safik Nirman Sewa, Siddharthnagar-11, Rupadandehi | 22,478,684.86 |
| 2. | RDBTL/33701169/082/83-6 | M/S Busybee-Shreekrishna JV, Sainamaina 11 Rupandehi | 23,350,922.52 |
| 3. | RDBTL/33701169/082/83-7 | M/S Patel - Nabin JV, Suddhodhan-7, Rupandehi | 20,844,759.35 |
| 4. | RDBTL/33701169/082/83-9 | M/S Patel - Dharmaraj JV, Shuddhodhan -7, Rupandehi | 21,932,815.98 |
| 5. | RDBTL/33701169/082/83-10 | M/S Bl - Rabi - Dipika JV, Malarani-05, Arghakhanchi | 24,454,799.95 |

डिभिजन प्रमुख



नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८२/०९/१८

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८२/०७/२९ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | सिलबन्दी नं. | योजनाको नाम | दरभाउपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/GOODS/2082/083-02 | Supply and Delivery of Stationary Goods | श्री K P Himal Enterprises, मध्यपुर थिमी नगरपालिका-०९, भक्तपुर | रु. १७,२९,५९०।४३ |

प्रमुख प्रशासकीय अधिकृत



थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति: २०८२/०९/१८

यस नगरपालिकाको मिति २०८२/०६/३० को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार रितपुर्वक विद्युतीय माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैका जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मू.अ. कर सहित) रू. |
|---|---|---|---|---|
| १. | Pro/NCB/Roads-1-2082/083 | Upgrading Of Shikharkot Rupse Sadak thaha-04 | Bandp Nirman Sewa, Thaha-6 | २,०१,१६,६३०.९२/- |
| २. | Pro/NCB/Roads-2-2082/083 | Upgrading of Naukhande-Liti-jagdada Sadak | AMIRA-SAPTALAXMI J.V, Handikhola VDC-01 | २,१८,१५,६७४.३३ /- |

प्रमुख प्रशासकीय अधिकृत


## ■ धवलागिरी अस्पताल भवन निर्माणमा ढिलासुस्ती

# तीनपटक म्याद थप गर्दा आधा मात्र काम



■ सन्तोष गौतम

म्याग्दी । तेस्रोपटक थपिएको समयअवधि पूरा हुन करिब ६ महिना बाँकी रहँदा यहाँस्थित धवलागिरी गाउँपालिका-७ ताकममा निर्माणाधीन पालिकास्तरीय अस्पताल भवनको भौतिक प्रगति ६० प्रतिशत छ । ३ वर्षअघि सम्पन्न हुनुपर्ने ५ शय्या क्षमताको अस्पताल भवन निर्माणको बाँकी ६ महिनामा ४० प्रतिशत काम सम्पन्न गर्न चुनौती छ । गत साउन महिनादेखि रोकिएको भवन निर्माण मध्यहिँउदसम्म पनि सूचारु नभएको म्याग्दी उद्योग वाणिज्य संघ अन्तर्गतको धवलागिरी बजार इकाइका सभापति तेजेन्द्र थापाले बताए ।

भवन निर्माण पुरा नहुँदा म्याग्दीका अन्य स्थानीय तहको तुलनामा भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित धवलागिरीको ताकममा अस्पताल सञ्चालन गर्ने योजना कार्यान्वयनमा ढिलाइ भएको उनले गुनासो गरे । भवन निर्माणका लागि २०७८ वैशाखमा निर्माण कम्पनीले ४ करोड ७९ लाख ४० हजार ३३४ रुपैयाँमा धवलागिरी गाउँपालिकासँग ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार २०७९ असार १५ गतेभित्र भवन निर्माण सम्पन्न गर्ने लक्ष्य थियो ।

५ शय्या क्षमताको अस्पतालका लागि २ तले १६ कोठे २ तले भवन निर्माण गर्न लागिएको हो । आकस्मिक, अन्तरंग, बहिरंग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डारण, उपचारका लागि छुट्टा-छुट्टै कक्ष सहितको भूकम्प प्रतिरोधी क्षमताको अपांकमैत्री भवन बनाउन लागिएको हो । धवलागिरी गाउँपालिकाका पूर्वाधार शाखा प्रमुख लोकेन्द्र रावलका अनुसार हालसम्म ६० प्रतिशत भौतिक प्रगति भएको उक्त योजनाको तेस्रोपटक थप भएको म्याद आगामी असार महिनासम्म छ । मुख्य भवनको ढलान सकिए पनि फिनिसिङको काम सुरु भएको छैन ।

धवलागिरी गाउँपालिका-७ का वडाध्यक्ष अशोक खत्रीले ताकम आधारभूत अस्पताल भवनका ठेकेदारलाई काममा फर्काउन ताकेता गरिएको बताए । 'आर्थिक वर्षको अन्तिमतिर आउने ठेकेदार अन्य समयमा सम्पर्कबिहीन हुन्छन्,' उनले भने, 'बैंक धरौटी जफत र कालोसूचीमा राख्ने प्रक्रिया अघि बढाउने विषयमा कार्यपालिकामा छलफल चलाएका छौं ।' निर्माण कम्पनीका प्रतिनिधी दीपक अदैले बर्खायाममा ढुवानी र प्रतिकूल मौसमका कारण रोकिएको अस्पताल भवन निर्माण कार्यलाई केही दिनमै सूचारु गराउन मजदुर, निर्माण सामग्री ल्याएर आउने प्रतिवद्धता जनाए ।

भवन निर्माणको सुरुआतमा स्थानीय समस्याले गर्दा ढिलाई भए पनि संघीय सरकारले पठाउने बजेट अनुसारको काम गर्दै आएको उनको भनाइ छ । सरकारले भुक्तानीका लागि बजेट उपलब्ध गराउनसके चालु आवमै भवन सम्पन्न गर्ने अदैले बताए । २०७७ पुस २२ मा तत्कालीन प्रतिनिधिसभा सदस्य भूपेन्द्रबहादुर थापाले भवन शिलन्यास गरेका छन् । संघीय सरकारको सबै पालिकामा आधारभूत तहको अस्पताल सञ्चालन गर्ने योजना अनुसार ताकममा भवन निर्माण हुन लागेको हो ।

# अब राहदानी छपाइसँगै वितरण साविकअनुसार

■ सौर्य समाचार




काठमाडौं । राहदानी विभागले राहदानी पुस्तिकाको आपूर्ति र छपाइसँगै राहदानीको वितरण साविकअनुसार अर्थात् जेनजी आन्दोलन पहिला भएको व्यवस्थालाई तालिकाअनुसार सम्बन्धित कार्यालयमा पठाइने भएको छ । अब उप्रान्त सम्बन्धित जिल्ला/इलाका प्रशासन कार्यालय वा विदेशस्थित नेपाली नियोगबाट राहदानीका लागि आवेदन दिने आवेदकको राहदानी समयमै छपाइ गरी पूर्ववत् रूपमा पठाउने व्यवस्था मिलाइएको विभागका सूचना अधिकारी केशवराज पन्थीले जानकारी दिए । तत्काल राहदानी आवश्यक परी विभागमा आवेदन दिन परेमा आवेदकको मागअनुसार पर्याप्त भेट समय खुला गरिएकाले आवेदन दिँदा आफूले रोजेको समयमा विभागमा उपस्थित भई सेवा प्रवाहमा सघाउनका लागि सम्पूर्ण सेवाग्राहीप्रति विभागले अनुरोध गरेको छ ।

जिल्ला/इलाका प्रशासन कार्यालयबाट कम्तीमा गत मङ्सिर १५ गतेसम्म आवेदन दिने आवेदकको राहदानी तयार गरी पठाइ सकिएको र त्यसपछि आवेदन दिने आवेदकको पुस २५ गतेसम्ममा पठाउने व्यवस्था मिलाइएको विभागले जनाएको छ । विभागले विदेशस्थित नेपाली नियोगबाट मङ्सिर मसान्तसम्म आवेदन दिने आवेदकको राहदानी वैयक्तिकरण गरी पठाइ सकिएको र अन्य आवेदकको हकमा नियमित तालिकाअनुसार पठाउने व्यवस्था मिलाउनुका साथै यही महिनाको २५ गते पश्चात साविककै समय तालिकाअनुसार १/२ हप्ताको अन्तरमा छपाइ गरी सम्बन्धित कार्यालयमा पठाइने व्यवस्था मिलाइएको छ ।

# 'हामीले आफ्नो संस्कृति भुल्नुहुँदैन'



■ सौर्य समाचार

काठमाडौं । प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो संस्कृति नभुल्न र भावी सन्ततिलाई मौलिक सम्पदा हस्तान्तरण गर्दै लैजान आग्रह गरेकी छिन् । नेपाल मगर संघका प्रतिनिधिमण्डलसँगको भेटमा प्रधानमन्त्री कार्कीले आफ्नो मौलिक संस्कार, संस्कृति र परम्पराको जगेर्ना गरी नयाँ पिँढीमा हस्तान्तरण गर्दै लैजानुपर्ने धारणा राखेकी हुन् ।

संघका अध्यक्ष ज्ञानेन्द्र पुनमगरको टोली प्रधानमन्त्री कार्कीलाई आउँदो माघेसंक्रान्तिमा आयोजना गरिने कार्यक्रममा सहभागिताको निम्तो दिन बालुवाटार आएको हो । उक्त टोलीसँग कुराकानी गर्दै प्रधानमन्त्री कार्कीले भनिन्, 'अब राजनीति होस् या सांस्कृतिक फाँट, युवालाई नै अघि सार्नुपर्छ । विविध मौलिक परम्परा र संस्कृति हाम्रा अमूल्य निधि हुन् । तिनको जगेर्ना गर्दै नयाँ पिँढीलाई हस्तान्तरण गर्दै जानुपर्छ ।' उक्त टोलीमा संघका पदाधिकारी, कलाकार तथा जेनजी अभियन्ता पनि सहभागी थिए ।

# कोठामा निस्सासिएर १ जनाको मृत्यु, २ जना बेहोस

■ सौर्य समाचार

सुर्खेत । जिल्लाको वीरेन्द्रनगर नगरपालिका-१२ बिरुवाबारीमा कोठामा निस्सासिएर १ जनाको मृत्यु भएको । निस्सासिएर अन्य २ जना बेहोस अवस्थामा भेटिएका छन् । जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकृत प्रहरी निरीक्षक श्यामप्रकाश यादवका अनुसार भेरीगंगा नगरपालिका-२ घर भई हाल वीरेन्द्रनगर नगरपालिका-१२ बिरुवाबारीस्थित मानबहादुर चन्दको घरमा बस्ने ३२ वर्षीय तारा बुढाको ३८ दिनको छोरी प्रतीक्षाको निस्सासिएर बिहीबार मृत्यु भएको हो । कोठामा कोइला बाली सुतेको अवस्थामा निस्सासिएर बालिकाको मृत्यु भएको हो । प्रहरी निरीक्षक यादवका अनुसार आमा तारा र उनकी भदैनी १३ वर्षीया सङ्गम बुढाको कर्णाली प्रदेश अस्पतालमा उपचार भइरहेको छ ।

# शिवपुरी अस्पताललाई १ करोड ६३ लाख बराबरको स्वास्थ्य उपकरण हस्तान्तरण




■ सौर्य समाचार

नुवाकोट । लायन्स क्लब इन्टरनेसनल फाउन्डेसनले नुवाकोटको शिवपुरी गाउँपालिकाको शिवपुरी आधारभूत अस्पताललाई बिहीबार १ करोड ६३ लाख बराबरको स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ । लायन्स क्लब इन्टर नेसनलका निवर्तमान निर्देशक बालकृष्ण बुर्लाकोटी, लायन्सको 'डिस्ट्रिक्ट गभर्नर' विनोद ढुंगाना र परियोजना संयोजक एवं 'लायन्स क्लब अफ ओमकारका प्रेसिडेन्ट रामहरि सिलवालसहितको टोलीले गाउँपालिकाका अध्यक्ष गोविन्द थपलिया र उपाध्यक्ष वीरबहादुर तामाङलगायतलाई सो सामग्री हस्तान्तरण गरेको हो ।

शिवपुरी-५, चालिसेस्थित अस्पतालमा लायन्स क्लब अन्तर्राष्ट्रिय फाउन्डेसनका साथै 'लायन्स क्लब अफ ओमकार' र 'लायन्स क्लब अफ मिडटाउन' को सहयोगमा ती संकलित ती स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको हो ।


**Barbardiya Municipality**
**Office of Municipal Executive,**
Jayanagar Bardiya
Lumbini Province, Nepal

**Invitation for Online Bids**

Date of publication:2082/09/18

*Barbardiya Municipality office of Municipal Executive, jaynagar, Bardiya invites online bids from eligible bidders for the projects as mention below. Bidders may obtain further detail information by visiting PPMO egp portal bolpatra.gov.np/egp.*

| Contract ID No. | Description of works | Bid document fee(Nrs) | Bid security Amount(Nrs) | Bid Validity Period / Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|
| 54/BMO/SQ/G/2082-83 | procurement and supply of essential medicines and surgical items for health insurance program | 1000.00 | 120000.00 | 75 days | |

Note:Bid validity period should be counted from the last day of bid submission and should include 30 extra days on bid validity period.anything in this notice inconsistent with bid document, bid document will prevail.

Chief Administrative Officer